# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६७) काठमाडौं, वैशाख ११ गते, २०७४ साल ( अतिरिक्ताङ्क १

## भाग ४

### व्यवस्थापिका-संसद सचिवालयको सूचना

**नेपालको संविधानको धारा २७४ को उपधारा (२) बमोजिम संवत् २०७४ साल बैशाख ११ गते व्यवस्थापिका-संसदमा पेश भएको नेपालको संविधानलाई संशोधन गर्न बनेको देहायको विधेयक सोही धाराको उपधारा (३) बमोजिम सर्वसाधारण जनताको जानकारीको लागि प्रकाशन गरिएको छ :-**

### <u>नेपालको संविधानलाई संशोधन गर्न बनेको विधेयक</u>

<u>प्रस्तावना</u> : नेपालको संविधानलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो संशोधन जारी गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस संशोधनको नाम "नेपालको संविधान (दोस्रो संशोधन), २०७३" रहेको छ।

(२) यो संशोधन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>नेपालको संविधानको धारा ६ मा संशोधन</u>** : नेपालको संविधान (यस पछि "संविधान" भनिएको) को धारा ६ को अन्त्यमा देहायको वाक्यांश थपिएको छ :-

"नेपाल सरकारले भाषा आयोगको सिफारिसमा सबै मातृ भाषाहरूलाई संविधानको अनुसूचीमा समावेश गर्नेछ ।"

३. **<u>संविधानको धारा ७ मा संशोधन</u>** : संविधानको धारा ७ को उपधारा (२) पछि देहायको उपधारा (२क) थपिएको छ :-

"(२क) भाषा आयोगको सिफारिसमा नेपाल सरकारले सरकारी कामकाजको भाषा भनी निर्णय गरिएका भाषाहरूलाई संविधानको अनुसूचीमा समावेश गर्नेछ ।"

४. **<u>संविधानको धारा ११ मा संशोधन</u>** : संविधानको धारा ११ को उपधारा (६) को सट्टा देहायको उपधारा (६) राखिएको छ :-

"(६) नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा आफ्नो देशको नागरिकता त्याग्ने कारबाही चलाए पछि सङ्घीय कानून बमोजिम नेपालको वैवाहिक अङ्गीकृत नागरिकता लिन सक्नेछ ।"

५. **<u>संविधानको धारा ८६ मा संशोधन</u>** : संविधानको धारा ८६ को उपधारा (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) प्रदेश सभाका सदस्य रहेको निर्वाचक मण्डलद्वारा प्रत्येक प्रदेशबाट कम्तीमा एक जना महिला, एक जना दलित र एक जना अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक सहित तीन जनाका दरले एक्काइस जना र प्रत्येक प्रदेशको जनसङ्ख्याको अनुपातमा सङ्घीय कानून बमोजिम निर्वाचित हुने पैंतीस जना गरी छपन्न जना ।

तर प्रदेशबाट पैंतीस जना सदस्य निर्वाचन गर्दा सम्बन्धित प्रदेशको जनसङ्ख्याको

अनुपातमा कम्तीमा चौध जना महिला समेतको प्रतिनिधित्व हुने गरी निर्वाचित गरिनेछ ।"

६. **संविधानको धारा २१५ मा संशोधन** : संविधानको धारा २१५ को उपधारा (९) मा रहेका "उपधारा (७)" भन्ने शब्दहरूको सट्टा "उपधारा (८)" भन्ने शब्दहरू राखिएका छन् ।

७. **संविधानको धारा २७४ मा संशोधन** : संविधानको धारा २७४ को,–

(१) उपधारा (४) को सट्टा देहायको उपधारा (४) राखिएको छ :-

"(४) उपधारा (२) बमोजिम पेश भएको विधेयक देहायको विषयसँग सम्बन्धित भएमा सम्बन्धित सदनको सभामुख वा अध्यक्षले त्यस्तो विधेयक सदनमा पेश भएको तीस दिनभित्र सहमतिको लागि देहायको प्रदेश सभामा पठाउनु पर्नेछ :-

(क) प्रदेशको सीमाना परिवर्तनको विषय भए त्यसरी सीमाना परिवर्तन हुने सम्बन्धित सबै प्रदेशको प्रदेश सभामा,

(ख) अनुसूची-६ को विषय भए सबै प्रदेश सभामा ।"

(२) उपधारा (५) मा रहेका "सङ्घीय संसदमा" भन्ने शब्दहरुको सट्टा "सङ्घीय संसदको सम्बन्धित सदनमा" भन्ने शब्दहरु राखिएका छन्।

(३) उपधारा (७) मा रहेको "अवधिभित्र" भन्ने शब्द पछि "उपधारा (४) को खण्ड (क) बमोजिमको विषयमा सम्बन्धित कुनै एक प्रदेश सभा र खण्ड (ख) बमोजिमको विषयमा" भन्ने शब्दहरू थपिएका छन्।

(४) उपधारा (८) मा रहेका "उपधारा (५) बमोजिम" भन्ने शब्दहरूको सट्टा "उपधारा (४) को खण्ड (क) बमोजिमको विषयमा सम्बन्धित सबै प्रदेश सभा र खण्ड (ख) बमोजिमको विषयमा" भन्ने शब्दहरू राखिएका छन् ।

(५) उपधारा (८) पछि देहायको उपधारा ( ८क) थपिएको छ:-

"(८क) यस धारामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सभा गठन नभएसम्मको लागि सङ्घीय संसदले प्रदेश सभाको सहमति नभए पनि उपधारा (४) को खण्ड (क) बमोजिमको विषयसँग सम्बन्धित विधेयक पारित गर्न सक्नेछ।"

(६) उपधारा (९) मा रहेका "उपधारा (८)" भन्ने शब्दहरू पछि "वा (८क)" भन्ने शब्दहरू थपिएका छन् ।

८. **संविधानको धारा २८७ मा संशोधन** : संविधानको धारा २८७ को उपधारा (६) को खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छ :-

"(क१) धारा ६ बमोजिमका नेपालमा बोलिने सबै मातृ भाषाहरूको सूची तयार गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने ।"

९. **संविधानमा धारा २८७क. थप** : संविधानको धारा २८७ पछि देहायको धारा २८७क. थपिएको छ :-

**"२८७क.सङ्घीय आयोगको गठन** : (१) प्रदेशको सङ्ख्या तथा सीमाङ्कन हेरफेर सम्बन्धी विषयमा सिफारिस गर्न नेपाल सरकारले एक सङ्घीय आयोग गठन गर्न सक्नेछ।

(२) उपधारा (१) बमोजिमको आयोगको कार्यादेश तथा कार्यावधि त्यस्तो आयोग गठन गर्दा नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।"

१०. **संविधानको धारा २९५ मा संशोधन** : संविधानको धारा २९५ को,-

(१) शीर्षकमा रहेको "सङ्घीय" भन्ने शब्द झिकिएको छ ।

(२) उपधारा (१) झिकिएको छ ।

११. **संविधानको धारा २९६ मा संशोधन** : संविधानको धारा २९६ को,-

(१) उपधारा (४) को सट्टा देहायको उपधारा (४) राखिएको छ :-

"(४) यस संविधान बमोजिम प्रदेश सभा गठन नभएसम्मको लागि प्रदेश सभाको अधिकार उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले प्रयोग गर्न सक्नेछ।"

(२) उपधारा (४) पछि देहायको उपधारा (४क) थपिएको छ :-

"(४क) उपधारा (४) बमोजिमको अधिकार प्रयोग गरी बनेको कानून प्रदेश सभा गठन भएको मितिले एक वर्षपछि त्यस्तो प्रदेशको हकमा स्वतः निष्कृय हुनेछ।"

**आज्ञाले,**

**मनोहरप्रसाद भट्टराई**

**व्यवस्थापिका-संसदको महासचिव**



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो. हु. द. नं. १६।२०६२।६३

मुद्रण विभाग, सिंहदरबार